# नागार्जुन नगरपालिका

## स्थानीय राजपत्र

खण्ड — ३, काठमाडौं श्रावण १ गते, २०७८ साल (संख्या–२)


भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नागार्जुन नगर सभाबाट मिति २०७८/०३/२१ स्वीकृत गरेको विनियोजन ऐन, २०७८ प्रकाशन गरिएको छ ।

# नागार्जुन नगरपालिकाको विनियोजन ऐन, २०७८

नगर सभामा प्रस्तुत मिति: २०७८/०३/०९
(कार्यपालिका बैठकबाट स्वीकृत मिति: २०७८/०३/०६)

नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नगर सभाबाट पारित गर्नका लागि नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम यो ऐन बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम नागार्जुन नगरपालिकाको विनियोजन ऐन, २०७८ रहेको छ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.१,८५,२३,२५,४७४/(अक्षरूपी एक अर्व पचासी करोड तेईस लाख पच्चीस हजार चार सय चौहत्तर रूपैंया मात्र) निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस विधेयकद्वारा संञ्चित कोषबाट खर्च गर्न दिईएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त नागार्जुन नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पुंजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज

भुक्तानी शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको रकम जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसुची १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| सि.नं. | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | नगर कार्यपालिका | ५६,२२,८८,०००/ (छपन्न करोड बाईस लाख अठासी हजार मात्र) | १,२९,००,३७,४७४/ (एक अर्व उनान्तीस करोड सैतीस हजार चार सय चौरहत्तर रूपैंया मात्र) | | १,८५,२३,२५,४७४/ (एक अर्व पचासी करोड तेईस लाख पच्चीस हजार चार सय चौरहत्तर रूपैंया मात्र) |

**आज्ञाले**
**सुरेन्द्र थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रू. ५/-